**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरूको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरू उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरू पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।५।७ गते।

बैठक बसेको समयः बिहान ११.०० बजे।

**उपस्थिति**

| क.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याइतान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मझाङ्गी | गाउँ कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |



CamScanner

मिति २०८१।५।७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १ | गाउँ शिक्षा समिति बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | शिक्षा शाखा |
| २. | कार्यसञ्चालन निर्देशिका संशोधन सम्बन्धमा । | प्रशासन शाखा |
| ३. | बजार क्षेत्रको सम्भाव्यता अध्ययन गर्न भवन तथा शहरी विकास कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| ४. | तीनपाटन गाउँपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ संशोधन गर्ने सम्बन्धमा। | सामाजिक विकास शाखा |
| ५. | आयोजनाहरूलाई बहुवर्षीय बनाउन भौतिक पुर्वाधार विकास मन्त्रालयलाई अनुरोध गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| | विविध | |

निर्णय नं. १
प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१।०५।०७ गतेको बैठकको सम्पूर्ण निर्णय अनुमोदन गरी सर्वसम्मत पारित गरियो।

निर्णय नं. २
प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७९ लाई आवश्यक संशोधन गरी पारित गरियो ।

निर्णय नं. ३
प्रस्ताव नं. ३ माथि छलफल गर्दा तीनपाटन गाउँपालिका अन्तर्गत तपसिलका बजार क्षेत्र ब्यवस्थापनका लागि बजार क्षेत्रको सम्भाव्यता अध्ययन गर्न शहरी विकास तथा भवन निर्माण कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो।
तपसिल:

क. बेलघारी बजार वडा नं १
ख. भिमस्थान र शाखामाडी बजार वडा नं २
ग. महुवा बजार वडा नं ५
घ. बाहुन तिल्पुङ बजार वडा नं ८
ङ. बोहोरी फाँट आम्बोटे बजार वडा नं ९

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तीनपाटन गाउँपालिका घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ आवश्यक संशोधन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भौतिक पूर्वाधार विकास मन्त्रालय बागमति प्रदेशको आ.व. २०८१।०८२ मा समावेस भएर शहरी विकास तथा भवन निर्माण कार्यालय सिन्धुली मार्फत कार्यान्वयन हुने यस गाउंपालिका भित्रका तपसिलका योजनाहरूलाई बहुवर्षीय बनाएर कार्यान्वयन गर्दा योजनाको उद्देश्य सहित सम्पन्न हुने भएकोले बहुबर्षीय बनाई कार्यान्वयनमा समावेसका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय बागमति प्रदेशलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिलः

१. चकमके बजार एकिकृत पुर्वाधार निर्माण तथा सुधार परियोजना तीनपाटन-११ सिन्धुली।
२. झार्लाडटार मन्दिरबाट उत्तरतर्फ जिर्गाखोला जाने बाटो स्तरोन्नती तीनपाटन -३ सिन्धुली।
३. एकिकृत माझी बस्ती पूवाधार निर्माण तीनपाटन -३ सिन्धुली।
४. बेलघारी डुङ्ग्रेफेदी सडक तीनपाटन -१ र ५ सिन्धुली।

**बिबिधः**

क. यस गाउंपालिकाको वडा नं. ९ मा अवस्थित श्री आधारभूत विद्यालय रातमाटा बाडरिङ र वडा नं. ७ मा अवस्थित श्री पिपलडाडाँ आधारभूत विद्यालय सिउडीबोटलाई छाना व्यवस्थापनको लागि आवश्यक जस्तापाता प्राविधिक स्टमेट बमोजिम अपलब्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

ख. यस गाउंपालिकाको वडा नं. ७ को सल्लेमा बर्षातको कारण बाटो अवरुद्द भएको कारण विद्यालय जाने मुल बाटो मर्मतको लागि आवश्यक जाली यस गाउंपालिकाको आकश्मिक कोषबाट खर्च हुने गरी खरिद गरी उपलब्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

ग. यस गाउंपालिकामा सञ्चालित सामी परियोजना अन्तर्गतको वित्तीय साक्षरता कार्यक्रम यस आ.व. मा वडा नं ८ र ९ मा सञ्चालन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



CamScanner